"लोकतन्त्र, स्वतन्त्रता र व्यवसायीकतामा समर्पित, आवाज बिहीनहरुको आवाज"

# लमजुङ आवाज

साप्ताहिक

*Lamjung Aawaz Weekly*

**हाम्रा समस्त ग्राहक वर्गमा सुख शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।**

स्कूल, क्याम्पसका ड्रेस, सर्टिङ, सुटिङ, विवाह लगायत विभिन्न उत्सवका लागि चाहिने कपडा, कुर्ता सलवार तथा अन्य घरायसी काममा प्रयोग हुने कपडा सूपथ मूल्यमा हामी उपलब्ध गराउँछौं ।

**प्रो. भगवान पिया**

**पिया सपिङ्ग सेण्टर**

भीमसेनस्थान, बेसीशहर, (पिया मेडिकल हलसगै)
फोनः ०६६-५२०५२०

वर्ष १८ अंक ४१ २०८० माघ ०९ गते मंगलबार (Jan 23, 2024) पृष्ठ संख्या ६ मूल्य रु.१०।-

# आफूमाथिका आरोपबारे रवि लामिछानेको स्पष्टोक्ति

बेसीशहर । कान्तिपुर दैनिकले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने विरूद्ध श्रृंखलाबद्ध तरिकाले गरेको प्रहार अन्ततः झुटो सावित भएको छ । आईतबार मात्रै कान्तिपुर दैनिकले रवि लामिछानेका विरूद्ध सप्रमाण लेखेको समाचार भोलिपल्टै झुटो सावित भएपछि कान्तिपुरमा लामिछाने विरूद्ध छापिएका समाचार नियोजित षडयन्त्र भएको पुष्टि भएको छ ।

कान्तिपुर नेपालमा सबै भन्दा बढ बिक्री हुने र सर्वाधिक लोकप्रिय पत्रिकाको रूपमा चिनिन्छ । यसकै फाइदा उठाउँदै कान्तिपुरले रवि लामिछानेका विरूद्ध श्रृंखलाबद्ध रूपमा नियोजित समाचार लेख्दै आएको पुष्टि पछिल्ला घटनाक्रमले गरेका छन् ।

कान्तिपुर दैनिकमा सोमबार पनि रवि लामिछानेका विरूद्ध प्रथम पृष्ठमा सनसनीखेज समाचार प्रकाशित भयो । समाचारमा गोर्खा मिडिया नेटेवर्क( ग्यालेक्सी टिभी)बाट रवि लामिछानेले १ करोड ८० लाख रूपैयाँ टिभीको शेयर बापत नगद बुझेर लिएको उल्लेख छ । उक्त रकम रवि लामिछानेको खातामा जम्मा नभएको लामिछानेले सोमबार बेलुकी पत्रकार सम्मेलन गरी स्पष्ट पारेका छन् । उक्त पत्रकार सम्मेलनमा लामिछानेले कान्तिपुरले छापेको समाचारका बिषयमा आफ्ना कुरा राखे ।

सोमबारकोको समाचारमा कान्तिपुरले यस्तो लेखेको छ- "ग्यालेक्सी टेलिभिजन सञ्चालन गर्ने गोर्खा मिडिया नेटवर्कका तत्कालीन प्रबन्ध निर्देशक रवि लामिछानेले न कुनै सेयर सित्तै पाएका थिए, न त्यसै छाडेका थिए । कम्पनी रजिस्ट्रारको कार्यालयको अभिलेख र बैंकिङ कारोबार विवरण भन्छन्- सहकारीको पैसा लिएर सेयर पाएका थिए, छाड्दा १ करोड ८० लाख खातामा लिएका थिए । कान्तिपुरले सहकारीका अभिलेख तथा प्रतिवेदन मात्र होइन, गोर्खा मिडिया नेटवर्कका नाममा भएका बैंकिङ कारोबार, कम्पनी रजिस्ट्रारको कार्यालयका दस्ताबेज पनि प्राप्त गरेको छ, यी विवरणअनुसार लामिछानेले गोर्खा मिडियामा स्वेट सेयर (पसिनाको हिस्सा) पाएकै थिएनन्, बरू सर्वसाधारणले पसिनाको कमाइबाट सहकारीमा जम्मा गरेको बचत उठाएर गोर्खा मिडियामा सेयर लिएका थिए र जाने बेलामा सेयर बेचेबापत आएको रकम खातामा सारेका थिए ।"

तर कान्तिपुरले पाएका प्रमाण अकाट्य छैनन् । गोर्खा मिडियाको ग्यालेक्सी टिभीमा शुरूमै लामिछानेले भनेको थिए कि, मैले कुनै शेयर किनेर आएको होइन, म गुडवील शेयर(स्वेट शेयर) लिएको हूँ । ग्यालेक्सी छोडेर राजनीतिमा आउँदा पनि रविले जसरी



स्वेट शेयर मात्र लिएर छिरेको थिएँ त्यसरी नै त्यो गुडवील शेयर छोडर जाँदैछु भनेर भनेको थिए । कान्तिपुरले समाचारमा भनेजस्तै रविले न त ग्यालेक्सी टिभीमा शेयरका लागि कुनै सहकारीबाट(बाँकी पृष्ठ ३ मा)

# स्यांगे बजारको एक पसलमा आगलागी, एकको मृत्यु

बेसीशहर । लमजुङको मर्स्याङदी गाउँपालिका वडा नं ४ स्यांगे बजारमा रहेका एक पसलमा बिहीबार मध्यरातमा आगलागी हुँदा एक जनाको जलेर मृत्यु भएको छ ।

स्यांगेका राजेन्द्र श्रेष्ठको पसलमा गएराती मध्यरातमा आगलागी भएको हो । काँचो कपडा, तयारी कपडा र खाद्यान्नको पसल रहेको उनको घरमा आगलागी भएपछि घरधनी श्रेष्ठ हामफालेर घरबाट बाहिर निस्कन सफल भए पनि उनकी श्रीमती ४४ बर्षकी सन्तमाया श्रेष्ठको भने जलेर मृत्यु भएको घटनास्थल पुगेका जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक थानेश्वर चपाइँले बताए ।

आगलागी पूर्ण नियन्त्रण भइसकेपछि बिहान घर भित्र हेर्दा सन्तमायाको शब जलेको अवस्थामा भेटिएको प्रहरी निरीक्षक चपाइँले बताए ।

श्रेष्ठको पसलमा पेट्रोल, ग्यास लगायत ज्वलनशील पदार्थसमेत विक्रीका लागि राखिएको र तीनमासमेत आगो लागेपछि नियन्त्रणमा निकै समय लागेको चपाइँले बताए । शुरुमा स्थानीयले



आगलागी नियन्त्रणको प्रयास गरेका थिए । पछि जगत प्रहरी चौकीबाटसमेत प्रहरी पुगी नियन्त्रणको प्रयास गरेका थिए । स्थानीयको घरमा ल्याइएको खानेपानीको पाइपहरुसमेत काटेर पाइपको पानीबाट आगलागि नियन्त्रणको प्रयास गरिएकोमा राती साढे ३ बजे आगलागी नियन्त्रण भएको थियो ।

खबर सुनेर बेसीशहरबाट समेत प्रहरी निरीक्षक चपाइँको नेतृत्वमा प्रहरी त्यसतर्फ गएको थियो । बेसीशहरको प्रहरी टोली पुगेको केहीबेरपछि आगो नियन्त्रणमा आएको बताइएको छ ।

आगलागीबाट फलाम र टीनले बने श्रेष्ठको घर खण्डहर बनेको छ । घरबाहिर रहेको ग१६प ३८३८ नम्बरको मोटरसाइकलसमेत जलेको छ । आगलागी नियन्त्रणमा लिने क्रममा नजिकैको एक घरमा समेत क्षति पुगेको चपाइँले बताए ।

आगलागीबाट करीब डेढकरोड रूपैयाँको क्षति भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । आगलागीमा परी ज्यान गुमाएकी सन्तमायाको शबलाई जिल्ला अस्पतालमा ल्याई पोष्टमार्टम गरी शुक्रबार आफन्तको जिम्मा लगाइएको छ । (बाँकी पृष्ठ ३ मा)

**सम्पूर्ण ग्राहकहरूमा हार्दिक स्वागत गर्दछौं ।**

**लमजुङ जिल्लामै पहिलो पटक नेपालको पहिलो अन्तराष्ट्रिय हलमार्क्ड एवं मान्यताप्राप्त तिसा ज्वेलर्स एण्ड डाइमण्डसंगको सम्बद्धतामा हिराका विभिन्न प्रकारका गहनाहरु विक्री शुरु गरिएको जानकारी गराउँछौं ।**

- नेपालको पहिलो अन्तराष्ट्रिय हलमार्क्ड एवं मान्यताप्राप्त ज्वेलर्ससंगको सम्बद्धतामा हिराका विभिन्न प्रकारका गहनाहरु
- कम्प्युटर तौलमा मेसिन कटिङ गरिएका तयारी तथा अर्डर अनुसारका आधुनिक एवं परम्परागत गरगहना पाइने ।
- प्रत्येक गहनामा पसलको ग्यारेन्टी छाप लगाई ग्यारेन्टी विल दिइने ।
- पुराना गहनाहरुसंग नयाँ गहना साट्न पाइने ।
- राशी अनुसारका अन्य किसिमका पत्थरहरु पाइने ।





"तपाईंको सन्तुष्टि नै हाम्रो लक्ष्य हो ।"

प्रो. बमबहादुर विश्वकर्मा
सुरज विश्वकर्मा

**जय लक्ष्मी सुनचाँदी पसल**

बेसीशहर-२, भीमसेन टोल, लमजुङ

हामीकहाँ राशी अनुसारको रत्न जडित औंठी पनि बनाईन्छ ।

**लमजुङ आवाज साप्ताहिक**

**प्रकाशक/प्रधान सम्पादक:** कल्पना शर्मा दनाई
**कार्यकारी सम्पादक:** मिलन शर्मा दनाई
**ब्यवस्थापक:** कविता मजाकोटी
**समाचारदाताहरू:**
रमेशचन्द्र घिमिरे - (मध्यनेपाल)
केशवप्रसाद अधिकारी (सुन्दरबजार)
मनाङ ब्युरो प्रमुख (नवीन लामिछाने
**कार्यालय:** शेराबजार, बेसीशहर फोन: ०६६-५२०००२
URL: marsyangdionline.com
**इमेल**:milanshar@gmail.com,
lmjaawaj@gmail.com
**कम्प्युटर:** लमजुङ आवाज डेस्कटप
**मुद्रण:** जनप्रेमी अफसेट प्रेस, बेसीशहर, फोन: ५२०२२७

## सम्पादकीय........

### सिउरुङ गाउँको पीडा

अघिल्लो साता लमजुङको मर्स्याङदी गाउँपालिका वडा नं. ३, सिउरुङ गाउँमा निशुल्क स्वास्थ्य शिविरको आयोजना भयो । स्थानीय शिलादेवी युवा क्लवले चितवन मेडिकल कलेजसंगको सहकार्यमा गरेको स्वास्थ्य शिविरमा ४ सय ८५ जना लाभान्वित भए। शिविरमा प्राविधिक सहयोग दिएको चितवन मेडिकल कलेजका विज्ञ डाक्टरहरू पनि सहभागि थिए । आधारभूत स्वास्थ्य सेवाबाट समेत बञ्चित रहेका सिउरुङका नागरिकमा शिविरले हर्ष ल्याइदियो । स्थानीय लताकुञ्ज आधारभूत विद्यालयमा दुई दिनसम्म सञ्चालन भएको शिविरमा १ सय ४६ जनाले हाडजोर्नी सम्वन्धी परिक्षण तथा उपचार सेवा लिए । १ सय ११ जनाको मुटुको भिडियो एक्सरे, ८६ जनाले स्त्री रोग सम्वन्धि सेवा, ८५ जनाले भेडियो एक्सरे, ४६ जनाले आँखा सम्वन्धि सेवा लिए । शिविरमा हाड जोर्नी तथा नशारोग, स्वास प्रस्वास, दम, मुटुरोग, छाला रोग, बाल रोग, मुटुको भिडियो एक्सरे, इ.सि.जी, नाक, कान घाँटी, दाँत, आँखा जाँच, स्त्री रोग सम्वीन्ध चेकजाँच सँगै सुगर पीरक्षण सेवा पनि लिए । स्वास्थ्य परिक्षणका क्रममा जटिल समस्या देखिएका पाँच जनाको शिविरमै शल्यक्रिया गरिएको छ । विभिन्न समस्या देखिएर शल्यक्रिया गर्नुपर्ने अबस्थाका १२ जना बिरामीलाई सुरक्षित अस्पतालमा शल्यक्रिया गराउन सिफारिस गरियो । शिविरमा स्वास्थ्य परीक्षण गर्न आएका मध्ये फोक्सोमा समस्या देखिएका चार जना, हाडजोर्नी सम्वन्धी दुई जना, मुटु र स्त्री रोग सम्वन्धि ३/३ जना गरी १२ जनाको शल्याक्रिया गर्नुपर्ने अवस्था देखिएकोले शल्यक्रियाको लागि परामर्श सहित सिफारिस गरियो । शिविरमा स्वास्थ्य परीक्षण तथा शल्यक्रिया पश्चात विभिन्न स्वास्थ्य समस्या भएका व्यक्तिहरूलाई पाँच लाख वरावरको औषधी निःशुल्क उपलब्ध गराइयो । सामान्य स्वास्थ्य सेवाको सहज पहुँचबाट पनि टाढा रहेको सिउरुङ गाउँमा बिशेषज्ञ सहित निःशुल्क स्वास्थ्य शिविर सञ्चालन भयो जुन अहिलेसम्मकै उत्कृष्ट र बृहत स्वास्थ्य शिविर यसपाली आयोजना गरियो । सिउरुङ गाउँ जान खुदी बजारबाट पनि करीब डेढ घण्टा जीपको यात्रा गर्नुपर्छ । गुरुङ समुदायको बाक्लो वस्ती रहेको सिउरुङका स्थानीय नागरिकहरूलाई समान्य देखि जटिल खालका स्वास्थ्य समस्याहरूमा समेत स्वास्थ्य सेवामा सहज पहुँच छैन। शिविरमा सिउरुङ गाउँसहित ननम्प्रो, कालाघिरिङ गैह्रीगाउँ, डाँडागाउँ, शिलढुंगा, छापा, मिप्रा, थाकन, ढगैं लगाएतका स्थानीयको अवस्था पनि यही हो । भौगोलिक रूपमा विकट सिउरुङजस्ता गाउँका नागरिकललाई लक्षित गरी सरकारले स्वास्थ्य चौकीको ब्यवस्था गर्नुपर्छ, ताकि उपचार नपाएर कोही पनि नमरुन् ।

### लउबासंघमा.....

हो ।संघको विधान अनुसार महासचिव, उपमासचिव कोषाध्यक्ष सहित केहि पदमा मनोनित गर्ने प्रावधान बमोजिम मनोनयन गरिएको हो । अघिल्लो कार्यकाल बेसीशहर इकाईको जिम्मेबारी सम्हालेका श्रेष्ठ पछिल्लो अधिवेशनमा जिल्ला सदस्यमा सर्वसम्मत चयन भएका थिए ।

लमजुङ उद्योग बाणिज्य संघमा अध्यक्ष, तीनजना उपाध्यक्ष, दुई महिला सदस्य र तीनजना खुल्ला सदस्य पदमा निर्वाचन हुने र दुई सदस्य सहित महासचिव, उपमासचिव र कोषाध्यक्ष पद सदस्यहरूबाट मनोनित गर्ने चलन छ ।

संघका कोषाध्यक्ष चयन भएका भरतबहादुर विष्ट कुताल लामो समयदेखि बेसीशहरमा ब्यवसाय गर्दै आएका ब्यक्ति हुन् । यस अघि पटक पटक भएका निर्वाचनमा पराजित हुँदै आएका उनी यसपाली सर्वसम्मत सदस्य चयन भएका थिए ।

त्यस्तै उपमहासचिव मनोनित भएका मानकृष्ण आचार्य अघिल्लो कार्यकालमा भोटेओडार ईकाईका अध्यक्ष भइ काम गरिसकेका व्यक्ति हुन् । संघमा पदाधिकारी चयनसँगै सँघको विधान अनुसार दुईजना जिल्ला सदस्य, वस्तुगत संघ र एशोसियटबाट १/१ जना र महिला उद्यमी विकास समितिबाट एक जना महिला चयन हुन बाँकी छ ।

# सामाजिक विखण्डनको तयारी पूरा !



♦दीपक पाण्डे

समाजले जसको तागत खोज्दै थियो, दुर्भाग्यवश उसैको कमजोरी फेला पार्दा राजनीति थप बरालियो । जसले समाजलाई अपमान र सम्मानको बारेमा सोच्न नसक्ने अवस्थामा पुऱ्यायो । मुलुकमा क्रान्तिकारी सेलाए । अग्रगामी पखालिए । भ्रष्टाचारविरोधी बालकोट पुगे, समाजले चिन्ता गरेन । विकल्पमा पहिल्यै पखालिएका 'ब्यक्ति र विचार' बोक्न हौसिएका युवायुवती दिमागलाई दुःख दिन तयार छैनन् । केवल श्रीमती र बालबच्चा पाल्न सरकारी कर्मचारी बनेका, फगत कुर्सीको निम्ति राजनीतिक उद्योगमा हाम फालेका, 'आँखा, जिब्रो र छाला'को निम्ति सबै त्याग्न तयार युवायुवतीबीच विचित्रको अघोषित कार्यगत एकता गराउन सफल शक्तिले डरलाग्दो 'मास्टर प्लान' तयार गरेको छ । न्युज कारखानाबाट उत्पादन गरिएका तथाकथित सोच, धारणा, अफवाहलाई सत्य मान्दै बरबादीमा झुमिरहेको पछिल्लो पुस्ता 'समाज र मुलुक'प्रति महत्त्वपूर्ण दायित्व छ भन्ने मान्न तयार देखिएन ।

रुप बदलिएको द्वन्द्व, खराब शासन र सङ्कटग्रस्त सत्ताले जनताको विश्वास गुमाएको छ । मुलुकमा केही हुँदैन भन्ने कथित मान्यता रणनीतिक ढङ्ले स्थापित गरिएको छ । महसूस हुने गरी परिवर्तन र सहानुभूति खोजिरहेको पीडित वर्ग सरकारको ब्यवहारबाट थप आक्रोशित बन्दै छ । द्वन्द्व बहुआयामिक बन्दैछ । समाज एकताको जुइनो फेला पार्न अथक मिहिनेत गरिरहेको छ । दुर्भाग्यवश विदेशीको दबाबमा बनाइएका कानुनले मुलुकवासीलाई विभाजित गरिरहेको छ । जनता न्यायालय र राजनीतिजीवीको कार्यशैलीबाट निराश छन् । गृहप्रशासन विचित्रको फन्दामा परिसकेको छ, जसले गर्दा अनेकौँ अपराधीहरु साँढेझैँ डुक्रेर हिँडेको उ देखिरहेको छैन । कानुन जोगाउने या लागु गर्ने नाममा न्याय मार्न तयार सत्ताले जटिल सामाजिक विखण्डनलाई स्वागत गरिरहेको छ । नागरिकले शङ्काको लाभ दिएका मानिसतर्फ लक्षित धरपकडले सत्तासामु एकसाथ असंख्य प्रश्न तेर्सिएका छन् ।

नवउदारवादले सङ्कटबाट शक्ति र पैसा प्राप्त गर्छ । उसले द्वन्द्वको समाधान कहिल्यै चाहँदैन । राज्यको चासो स्थायित्वमा हुन्छ । उसले यथास्थितिमा विश्वास गर्छ । जसलाई कायम राख्न दायाँबायाँ हात लम्काइरहेको हुन्छ । वर्तमान राजनीतिमा साना मुलुकहरु आफ्नो बुद्धि र शक्तिमा भर पर्न सक्दैनन् । राजनीतिक बाध्यताले सिर्जना गरेका दबाबबाट भाग्न पनि सक्दैनन् । दुर्भाग्यवश कमजोर वर्गको आक्रोश र द्वन्द्वलाई घटाउने ल्याकत गुमाइसकेको सिंहदरबार विश्व दृष्टिकोण र नीतिहरुको फन्दामा परिसकेको छ । विभिन्न जाति, धार्मिक र सामाजिक वर्गबाट राजनीतिमा प्रवेश गरेका ब्यक्तिहरुले समाज र मुलुकको जरा काट्न अहम् भूमिका निभाएका छन् । गज्जबको कुरा'! अनेकौँ कमजोरीका बाबजुद मुलुकलाई मात्र माया गर्ने राजसंस्था समाप्त गर्न देश बनाउँछौँ भन्नेहरुको प्रयोग गरिएको छ । मुलुक बेचेरै भए पनि कुर्सीमा पुग्न चाहनेहरुलाई राजनीतिको उपल्लो स्थानमा पुऱ्याउँदै समाज विखण्डनको तयारी गरिएको छ ।

थपिएका आन्तरिक र बाह्य चुनौतीहरुले सिंहदरबारको परीक्षा लिँदै छ । आर्थिक सङ्कटको जरा घट्दो सुशासनसँग जोडिएको बुझ्नासाथ समाधानको जिम्मा समयमाथि छोडिएको छ । हातखुट्टा बाँधिएको सिंहदरबारले बुझेको छ, संरचनागत समस्यालाई सम्बोधन नगरेसम्म मुलुक बढ्दो मद्रास्फीतिको जालबाट मुक्त हुन सक्दैन । सिंहदरबारले गहिरो समस्याहरुको सामना गर्न पीडारहित उपाय अपनाएका छन्, जुन अत्यन्त अव्यवहारिक छन् । सरकारै सरकारले सुरू गरेका असमान कर ब्यवस्था, टाट पल्टेका सार्वजनिक क्षेत्र, न्यून बचत, लगानी र बढ्न नसकेको उद्यमहरुले हाम्रो कमजोरी छर्लङ्ग पारिरहेका छन् । जसलाई सोसल मिडिया मालिकहरुले जनतातर्फ फ्याँकिरहेका छन् । सोसल मिडियामार्फत फैलाइएका अफवाहले पुऱ्याएको अपरिवर्तनीय हानीले समाजलाई छिया-छिया पारिरहेको छ । दुर्भाग्यवश नवउदारवादले तयार गरेका 'सामाजिक बम' आफ्नै टाउकोमा पड्काउँदै 'गुड जब" भन्न हौसिँदै छौँ ।

भनिन्छ, ठोस शैक्षिक आधारमा मात्र मुलुकको आर्थिक, सामाजिक प्रगति सम्भव छ । शिक्षाको दायरा फराकिलो बनाउन, गुणस्तर सुधार गर्न दीर्घकालीन योजना चाहिन्छ । अराजकता बढेको, गुणस्तर खस्किँदै गएको समाजमा सरकारको प्राथमिकतामा शिक्षा क्षेत्र नपर्नु रहस्यमय छ । बेरोजगारी, निराशाजनक भविष्य र गरिबीको दुष्चक्रमा फसेका युवाहरुले सामना गरेका समस्या समाधानको साइत कहिल्यै ननिस्किने मुलुकमा नकारात्मकता 'बन्सो' जस्तै मौलाउँदै छ । अभिजात वर्गको कब्जामा परेको राजनीतिले जोखिम उठाउन चाहँदैन । निर्णायक मुद्दाहरुमा अभिजात वर्ग र कर्मचारीतन्त्रबीच कार्यगत एकता हुनु स्वाभाविक छ । लोकतन्त्र मतपत्र र चुनाव मात्र होइन, 'परिवर्तन मतपेटिकामा सीमित हुन सक्दैन' भन्ने शक्तिले लोकतन्त्रलाई निर्वाचनमार्फत अपहरण गर्न सफल भइसकेको छ । संस्थागत सुधार एजेन्डा बनाउन नपाउने हाइब्रिड परिवर्तनमा निजामति सेवाको राजनीतिकरण अनिवार्य गरिएको छ । योग्यता र ब्यावसायिकता समाप्त गरिएको कर्मचारीतन्त्रले प्रभावकारी रुपमा सार्वजनिक सेवा दिन नसक्दा सर्वसाधारण नागरिकमा निराशा उत्पन्न हुनु जायज छ । मनोबल खस्किएको कर्मचारीतन्त्रले अख्तियारको कार्यान्वयन गर्न नसक्दा युवायुवती मुलुकबाट पलायन हुँदैछन् । मुलुक 'नेपाली नबस्ने नेपाल' बन्दै छ ।

शिक्षा असफल हुनु भनेको राष्ट्रको लगानी खेर जानु हो । मुलुकलाई आर्थिक बोझ थोपरेर सार्वजनिक शिक्षा अनुत्पादक भन्ने र बनाउनेहरुको षडयन्त्रमा फसेको मुलुकले बोकेको आर्थिक बोझ अर्को समस्या बनिरहेको छ । युवाहरुले शिक्षाको खोजीमा देखाएको सक्रियताले शिक्षाको महत्त्व भने चुलिएको छ । विश्वविद्यालयमा भएका कार्यक्रमलाई बेकामे बनाउने सफलतापश्चात् सार्वजनिक शिक्षालाई निजीकरण गर्न/गराउन चाहने शक्तिको स्वार्थ थप मजबुत हुँदै छ । राज्यको भार कम गर्ने बहानामा शिक्षामा लगानी घटाउने रणनीतिले अर्को अनिष्ट निम्त्याउने छ । कुर्सीमुखी राजनीतिले पाइला-पाइलामा सम्झौता गर्छ । विचारधारा र इतिहासको खिल्ली उडाएको टुलुटुलु हेरिरहन राजी हुन्छ । शिक्षामार्फत महत्वपूर्ण र अत्यावश्यक कुरामा महसूस हुने परिवर्तन गर्न चाहँदैन । फलस्वरूप ब्यक्तिगत र सामाजिक आवश्यकताबाट उत्पन्न हुने कुरालाई शिक्षाले सम्बोधन गर्न छोडेको एक जुग भइसकेको छ । सामाजिक विभेदलाई घटाउन नसक्ने शिक्षाले नयाँ विचारलाई स्वागत गर्न रूचाउँदैन । अधिकार र विशेषाधिकार प्राप्त ब्यक्तिले आफूलाई रुपान्तरण गर्न नरूचाएको समाजमा समस्याहरु अझै सशक्त बनेर उदाउँछ । यसले समग्र मानव विकासलाई कमजोर बनाउँछ, आलोचनात्मक सोचको क्षमतालाई कम गर्छ । शिक्षाको बजारीकरण, शिक्षाको जवाफदेहिताबाट भागेको सरकारी निकाय र ब्यापक सामाजिक कल्याणका कार्यक्रम भत्किएको मुलुकमा अपमानको संस्कृति मौलाउँछ ।

अनियन्त्रित मूल्यवृद्धिले मानवीय सम्बन्धलाई पातलो बनाउँदै छ । मुद्रास्फीतिको कारण पारिवारिक झैझगडा बढ्दै छ । अभावले असमझदारी बढाउँछ भने जस्तै सामाजिक, सांस्कृतिक विघटन बढाउँदै छ । जसले गर्दा जन्मदेखि मृत्यु संस्कार धान्न धौ-धौ परिसकेको छ । पारिवारिक कलह बढेको छ । परिवारका सदस्यहरुको सम्बन्ध पीडामा बदलिएका छन् । एकातर्फ मनैदेखि सहभागी हुने, संस्कारहरुमा योगदान गर्न हच्किने मानिसहरुको सत्त्या बढ्दै छ भने अर्कोतर्फ आयातित चाडपर्व, अनेकौँ संस्कारले मुलुक र मुलुकवासीलाई सताउँदै छ । जीवनयापनमा बढ्दो लागतले सामूहिकता हराउँदै छ । मुद्रास्फीतिको असर खानपानमा परिसकेको छ । फलफूलको उपभोग विलासिता भएको छ । खसीको मासु खान बिरामी बन्नुपर्ने भएको छ । कमजोर वर्ग लोकतान्त्रिक शोषण भोग्दै छ । खाद्यवस्तुको गुणस्तरमा भएको सम्झौताले नयाँ (बाँकी पृष्ठ ३ मा)

## सामाजिक....

समस्या निम्त्याएको छ ।

वैदेशिक सहायता कुनै उपचार होइन भन्ने राम्रोसँग बुझेका शक्तिशाली मुलुकहरु हाम्रो उद्धार गर्न सक्रिय छन् । दुर्भाग्यवश हामी झन्–झन् गरिब हुँदै छौं । गरिब मुलुकलाई ऋणमा डुबाउने वैदेशिक राजनीतिको दीर्घकालीन रणनीति रहँदै आएको सिंहदरबारले बुझ्न सक्दैन या बुझे पनि मुलुकवासीलाई बताउन सक्दैन । विकासोन्मुख मुलुकलाई आफ्नै प्रभाव क्षेत्रको रुपमा जबर्जस्ती विकास गर्ने शक्तिसाली मुलुकको चाहनाले हामीलाई सताउँदै आएको सर्वसाधारण जनताले बुझ्ने विषय नै होइन । गरिब मुलुकमा अनेकौं प्रयोग गर्न सजिलो हुने, आफ्नै विकास मोडेल लागु गर्दै गरिब मुलुकलाई अपाङ्ग बनाउने रणनीतिले हामीलाई सामाजिक विघटनतर्फ लागिरहेको छ । गरिब मुलुकमा सहायताको प्रावधानको आधारमा समाजलाई विभाजनतर्फ मोड्ने, लामो समयसम्म अनुपयुक्त बहसमा अल्झाउने, युवायुवतीलाई उक्साउने धनी मुलुकको चालबाजीमा मुलुकको राजनीति फसिसकेको छ । वैदेशिक सहायताले भविष्यका दायित्वहरु सिर्जना गर्दैन भन्दै अनुपयुक्त सहायता लिन बाध्य पार्ने खेल मुलुकले भोगिसकेको छ, भोगिरहने छ ।

भनिन्छ, पीडाले व्यक्तिलाई रचनात्मक बनाउन सक्छ तर समाजलाई अराजक बन्न उक्साउँछ । समाजको विकृति दुःखदायी छ । पूर्वाग्रह हाम्रो संस्कार बनिसकेको छ । वैश्ययुगमा समाज तर्कहीन बन्दै छ । दोहोरो मनोवृत्तिमा बाँचिरहेको छ । सामाजिक समस्यालाई सफलतापूर्वक प्रचार गर्न रूचाउँछ तर समाधानको निम्ति अडिग रहँदैन । निम्न पुँजीवादी चिन्तन, सामन्तवादी मानसिकता र कुरुपतावादी मनोवृत्तिको विरुद्ध आवाज उठाउन तयार छ तर आफ्नो व्यवहार परिवर्तन गर्न इच्छुक छैन । विडम्बना, मुलुकमा हिंसाको व्यापार चलिरहेको छ । सर्वसाधारण जनता सत्तामार्फत हुने या गरिने हिंसाको विरोध गर्छन् । दुर्भाग्यवश सत्तामा पुग्न गरिएका हिंसालाई क्रान्ति मान्न हतार गर्छन् । नागरिकको सरल स्वभाव, सत्यप्रतिको निष्ठा र परिवर्तनप्रतिको चाहनाको अवसरवादीहरुले डरलाग्दो फाइदा उठाउँदै आएका छन् । फलस्वरूप पछिल्लो पुस्ता राजनीतिसँग भरोसा गर्न इच्छुक छैन । उनीहरुलाई लागिसकेको छ, परिवर्तन सजिलो छैन । यसको पछि लाग्नु भनेको समय बरबाद गर्नु हो ।

दक्षिण–पश्चिमको दीर्घकालीन रणनीतिअन्तर्गत मुलुकको प्राकृतिक राजनीतिक विकास सात दशकदेखि अवरूद्ध छन् । अनेकौं अड्चनलाई पार गर्दै सुरू गरिएका राष्ट्रिय गौरवका आयोजना नियन्त्रित अस्थिरताको जगमा 'सेतो हात्ती' बनाइएका छन् । सैद्धान्तिक र वैचारिक राजनीति हाबी भए नेपाल आफ्नै खुट्टामा उभिन सक्छ भन्ने बुझेका शक्तिले चलाखीपूर्वक भ्रष्टहरुको संरक्षण गरिरहेका छन् । फगत कुर्सीको निम्ति जतिसुकै बदनाम हुन तयार 'सोकल्ड लिडरसिप'मार्फत विकृत राजनीति स्थापित गरिएको छ । राजनीतिक परिवर्तनको नाममा 'वाइल्ड कार्ड इन्ट्री' गर्न सफल शक्तिले प्रत्यक्ष शासन गरेको नदेखिए पनि राज्यसत्ताको असली प्रयोग गरिरहेको छ, जसले गर्दा हाम्रो आर्थिक, सामाजिक र परराष्ट्र नीति औपचारिकतामा मात्र जीवित छन् ।

नव उदारवादी नीतिहरुको कार्यान्वयनले मुलुकको शिक्षा क्षेत्रमा ठूलो परिवर्तन ल्याएको छ । शिक्षाको भूमिकालाई परिवर्तन गरेको छ । पटके राजनीतिक परिवर्तनपश्चात् विद्यालय र विश्वविद्यालयको गुणस्तर चलाखीपूर्वक खस्काइएको छ । शिक्षालाई मानव पुँजी निर्माण गर्न र आर्थिक उत्पादकत्व बढाउन नसक्ने बनाइएको छ । विद्यालय शिक्षाबाट विद्यार्थी भाग्न बाध्य पार्ने र उच्च शिक्षाको माध्यमबाट शिक्षित युवा युवतीमा 'मास फ्रस्टेसन' जन्माउने वातावरण रणनीतिक ढङ्गले सम्पन्न गरिएको छ । उल्लेखित कारणहरुले जटिल सामाजिक विखण्डनको तयारी पूरा भएको बताइरहेको छ । दुर्भाग्य ! सिंहदरबारचाहिँ बुझेर पनि बुझ पचाइरहेको छ ।

## आफूमाथिका....

ऋण वा अरू कुनै रकम लिएका थिए, न छोडेर जाँदा १ करोड ८० लाख रूपैया आफ्नो बैंक खातामा राखेका थिए ।

कुरा प्रष्ट छ, अघिल्लो पटक रविले शेयर बापतको रकम ग्यालेक्सी टिभीमा राख्नका लागि जसरी पोखराको एक सहकारीबाट रकम जम्मा गराएको बैंक भौचर राखिएको थियो, अहिले शेयर फिर्ता बापत उनको खातामा १ करोड ८० लाख रूपैयाँ जम्मा भएको बैंक भौचर देखाइएको छ । तर सोमबार पत्रकार सम्मेलन गरेर लामिछानेले उक्त रकम आफ्नो खातामा जम्मा नभएका मात्र भनेनन्, रकम जम्मा नभएको कुरा ग्लोबल आईएमई बैंकको पत्रसमेत प्रस्तुत गरे । वास्तवमा भएको के रहेछ भने न रविले ग्यालेक्सी टिभीमा कुनै शेयर हालेका थिए, न छोड्दा कुनै रकम लिएका थिए । के भएको रहेछ भने ग्यालेक्सी टिभीमा १५ प्रतिशतको शेयर दिन उक्त टिभी सञ्चालन गर्ने गोर्खा मिडिया नेटवर्कका लागि रवि लामिछानेले १५ प्रतिशत बराबरको रकम बैंक दाखिला गरेकै प्रमाण दिनुपर्थ्यो । र लामिछानेले ग्यालेक्सी टिभी छोड्दा शेयरको रकम फिर्ता लिएको प्रमाणका लागि उनले रकम बुझेको भरपाई हुनु पर्थ्यो । तर न लामिछानेले नगद रकम जम्मा गरेका थिए, न नगद रकम बुझेका थिए । उनी टिभीमा खाली हात आए, करिब एक वर्ष टिभीमा काम गरे, राम्रै तलब सुविधा लिए र टिभी छोडेर जाँदा पनि खाली हात गए । न उनले शेयरबापत कुनै रकम तिरे, न निस्कँदा शेयरबापतको रकम लिए ।

तर टिभी सञ्चालन गर्ने गोर्खा मिडियालाई रविको १५ प्रतिशतको शेयर लिएको देखाउन रविले कम्पनीमा नगद जम्मा गरेको प्रमाण देखाउनु थियो । त्यस्तै रविले कम्पनी छोड्दा त्यहाँबाट शेयरको रकम फिर्ता लिएको प्रमाण देखाउनु पर्दथ्यो ।

यस कार्यका लागि गोर्खा मिडियाका अध्यक्ष गितेन्द्रबाबु राईले कम्पनी रजिष्ट्रारको कार्यालय सहित सम्बन्धित सबै निकायमा यस्तै कागजाते बनाएको देखिन्छ । हिजो गोर्खा मिडियामा रविले शेयरबापत रकम जम्म गरेको देखाउन उनले विभिन्न सहकारीबाट गोर्खा मिडिया कम्पनीमा रकम ट्रान्सफर गराए । यहाँ एउटा बिर्सन नहुने कुरा के छ भने कुनै सहकारीबाट गोर्खा मिडिया कम्पनीका नाममा रकम जम्मा गरेको भौचर देखाइएको छ, त्यहाँ रवि लामिछाने आफैं संलग्न छैनन् । बुटवलको सुप्रिम सहकारीबाट २०७८ वैशाख ५ गते गोर्खा मिडिया नेटवर्कको नाममा जम्मा गरिएको एक करोड रुपैयाँ सोही सहकारीका कर्मचारी रोशनी गुरूङको नामबाट गोर्खा मिडिया नेटवर्कको ग्लोबल आईएमई बैंकको खातामा जम्मा गरेको देखिन्छ। यहाँ रवि लामिछाने आफैंले रकम जम्मा गरेका छैनन् तर रोशनी गुरूङसंगै उनको नाम पनि लेखिएको छ । भौचरा रविको नाम भएकै कारण कान्तिपुरले रविले पैसा जम्मा गरेको भन्ने पुष्टि गराउन खोजेको देखिन्छ । तर भौचरमा रोशनी गुरूङको हस्ताक्षर प्रष्ट छ, रविको हस्ताक्षर छैन ।

जब रविले ग्यालेक्सी टिभी छोडे, त्यतिबेला उनले पाएको गुडवील शेयर जस्ताको तस्तै छोडेको उतिबेलै बताइसकेका हुन् । तर काम्पनी रजिष्ट्रारको कार्यालयले यतिकै भरमा उनको शेयर नरहेको मान्दैनथ्यो । त्यसका लागि जिवि राईले १ करोड ८० लाख रूपैयाँ रविको खातामा जम्मा गरेको प्रमाण हुनुपर्थ्यो । रकम लिएको दिएको केही थिएन, तर प्रक्रिया पुरा गर्न कागज आवश्यकपर्ने भएकाले राईले २०७९ असार २ गते ग्लोबल आईएमई बैंकमा रहेको रविको खातामा १ करोड ८० लाख रूपैयाँ जम्मा गरेको भौचार आवश्यक थियो । त्यसका लागि गोर्खा मिडियाका अध्यक्ष राई आफैंले प्राइम कमर्सियल बैंक लि. ले जारी गरेको ००१३२८४०३७ नम्बरको चेक ग्लोबल आइएमई बैंक लि. मा रहेको लामिछानेको खातामा जम्मा गरेको देखिन्छ । चेक जम्मा भए पनि चेक काटिएको खातामा पर्याप्त रकम नभएर रकम भने जम्मा नभएको ग्लोबल आइएमई बैंकले नै स्पष्ट पारिसकेको छ ।

यस सम्बन्धमा सोमबार रविले काठमाडौंमा पत्रकार सम्मेलन गरी स्पष्ट पारेका पनि छन् । सोमबार राती उनले प्रक्रिया पुरा गर्न कम्पनी रजिष्ट्रारको कार्यालयमा रकम बुझेका भरपाइ गरिदिएको तमसुक समेत पेश गरेका छन् ।

लामिछानेले आफू गोर्खा मिडियामा आफू कार्यरत रहँदा सञ्चालक समितिले कुनै सहकारी वा वित्तिय संस्थाबाट ऋण वा कुनै किसिमको रकम लिने निर्णय नभएको र निर्णय बेगर रकम आएको बारेमा आफूले जिम्मेवारी लिन नसक्ने स्पष्ट पारे । उनले आफू अझै पनि सहकारी पीडितको पक्षमा रहेको भन्दै जिवी राईलाई जहाँ भए पनि आएर बचतकर्ताहरूको बचत रकम फिर्ता गर्न आग्रह गरेका थिए ।

# बेसीशहरमा राजु परियारको भव्य सम्मान




बेसीशहर, माघ ६ । लोक स्वर सम्राट राजु परियारलाई लमजुङमा भव्य सम्मान गरिएको छ । लमजुङ सदर मुकाम बेसीशहरमा भएको लायन्स क्लव इन्टरनेशनल डिस्ट्रिक्ट ३२५ आइ नेपालको क्याविनेट वैठकका क्रममा शनिबार उनलाई लायन्स क्लवले भव्य सम्मान गरेको हो ।

नेपाली लोकदोहोरी गीतको संरक्षण सम्बर्द्धनमा उनले खेलेको योगदानको कदर गर्दै बेसीशहरको फूलबारी मञ्चमा आयोजना गरिएको भव्य कार्यक्रमा लायन्स क्लवले उनलाई सम्मान गरेको हो ।

लायन्स नेपालको तेस्रो क्याविनेट वैठकका क्रममा लायन्स डिस्ट्रिक्ट ३२५ आईका डिस्ट्रिक्ट गर्भनर लायन चन्द्रकुमार केसी, एसिआइ लिडर लायन राजन लम्सालले संयुक्त रूपमा उनलाई अभिनन्दनसहित सम्मान पत्र प्रदान गरेका थिए ।

लायन्स क्लवका १ हजार बाढी अगुवाहरूका साथै लमजुङका सयौं सर्वसाधारण सहभागी कार्यक्रममा राजुले आफ्ना चर्चित गीतहरूसमेत गाएका थिए ।

नेपाली लोक दोहोरी गीतको क्षेत्रमा राजुले आफ्नो विशिष्ट छाप छोडेका छन् । वनमा काँडा छ, मिर्मिरिको घाम, फूलमा भमरा, मौरी फूलमाथि, धोका दिनेलाई के भनौं र खोई, लालुपाते नुग्यो भुईंतिर, तिमी घाम म छाया, रूमाल धोको छु, फूलको थुंगामा, सुनपानीले छर्क मायालु जस्ता उनका अनेकौं गीत कालजयी छन् ।

२०३७ सालमा पिता मंगलसिंह परियार र आमा सन्तमाया परियारको जेठो छोराको रूपमा लमजुङको साविक गाउँशहर गाविस वडा नं ६ चिसापानी, हालको बेसीशहर नगरपालिका वडा नं २ मा जन्मेका राजु परियारले सर्वाधिक धेरै लोकगीत रेकर्ड गराउने, पुर्‍याएको अतुलनीय योगदानको कदर स्वरूप, उनलाई सम्मान गरिएको हो ।

## स्यांगे बजार....

पसलमा श्रेष्ठ दम्पती मात्र बस्थे । उनीहरुका छोराछोरी काठमाडौंमा बसेर पढ्ने गरेको बुझिएको छ ।

आगलागी कसरी भयो भन्ने खुलेको छैन, यद्यपी लाइन सर्ट भएर भएको अनुमान गरिएको प्रहरी निरीक्षक चपाइँले बताए ।

श्रेष्ठको परिवार बेसीशहर नगरपालिका– २ निवासी रहेको र उनीहरु दुइदशकदेखि स्यांगेमा व्यवसाय गर्दै आएको बुझिएको छ ।

## नवराज....

समस्या बढाइ चढाइ गरी लेखेको भन्दै संस्थाका व्यवस्थापक वेदराज खनिया भन्छन्– "पहाडीले संस्थामा भएको र नभएको सबै खाले समाचारमात्र लेखेनन् संस्थाका बचतकर्ताको घर घर गएर बचत रकम फिर्ता गर्न र मुद्दा मामिलामा जान समेत लगातार प्रेरित गरिरहेका हामीले पायौं ।"

उसो त पहाडीले सहकारीका केही अन्य सञ्चालकहरुलाइ चोख्याउन र निर्दोष सिद्ध गर्न प्रयास समेत गरेको भेटिएको छ । तत्कालीन कालिकाका सचिव तथा हालका सञ्चालक समितिका सदस्य हरिबाबु थापा र साविक सम्पदा सहकारीका सञ्चालक समितिका सदस्य तैमाया गुरुङलाइ निर्दोष सावित गर्न उनले भूमिका खेलेको बुझिएको छ। यसका लागि हिरासतमा रहेका थापालाई हिरासतमै गइ पक्राउको बिरुद्ध पुनरावेदन गर्न उनले सुझाव दिएका थिए । थापा पहाडीका नाता पर्ने व्यक्ति हुन् । गुरुङबाट पहाडीले पैसा लिएको बेसीशहरमा चर्चा छ ।

# दुर्घटनामा एकको मृत्यु

बेसीशहर, माघ ७ गते । लमजुङको दोर्दीमा शनिबार साँझ जीप दुर्घटना एकजनाको मृत्यु भएको छ ।

सदरमुकाम बेसीशहरबाट दोर्दीको कामचोक जाँदै गरेको ग१ज ७५६१ नम्बरको बालेरो जीप शनिबार साँझ ५.४० बजे सिमल बिसौनी भन्ने स्थानमा दुर्घटनाग्रस्त भएको थियो । दुर्घटना हुँदा घाइते भएकामध्ये गम्भीर घाइते भएका दोर्दी गाउँपालिका वडा नं ४ का ५४ बर्षका पूर्णबहादुर तामाङको मृत्यु भएको हो ।

दुर्घटनामा परी सख्त घाइते तामाङलाई उपचार गर्न लमजुङ अस्पतालमा ल्याइएकोमा अस्पतालले उनलाई मृत घोषित गरेका जिल्ला प्रहरी कार्यालय लमजुङले जानकारी दिएको छ । उनीसहित उपचारका लागि लमजुङ अस्पताल बेसीशहर ल्याइएका गङ्गामाया गुरूङ र मुन्नि कुमारी तमाङको अस्पतालमा उपचार भइरहेको छ ।

जीपमा चालकसहित ६ जना सवार रहेका थिए । दुर्घटनामा परी चालकसमेत सामान्य घाइते भएका छन् र उनी प्रहरीको नियन्त्रणमा रहेको बुझिएको छ । जीपमा सवार अन्य यात्रुहरु सकुशल रहेको दोर्दी गाउँपालिकाका अध्यक्ष युवराज अधिकारीले बताएका छन् ।

## लमजुङ जिल्लाका अत्यावश्यक टेलिफोन नम्बरहरु

| | |
|---|---|
| **एम्बुलेन्सहरू** | |
| जिल्ला अस्पताल लमजुङ | ०६६-५२०१८३, ९८६४३८९०३४ |
| लमजुङ मोडेल अस्पताल | ०६६५२०००४ |
| उदीपुर स्वास्थ्य चौकी | ९८४६९००६२० |
| खुदी एम्बुलेन्स | ९८६४३८९२६६ |
| अर्चलबोट एम्बुलेन्स | ९८४६९९५७२४ |
| दोर्दी एम्बुलेन्स | ९८६६०८७३६१ |
| गौंडा प्राथामिक स्वास्थ्य केन्द्र | ९८६६०२२८६१ |
| स्व. सानु नूरनिधि पाण्डे स्मृति संस्था | ९८६६०८७३६१ |
| सामुदायिक भोटेओडार | ९८४६१२८४३६ |
| उपल्लो दोर्दी एम्बुलेन्स | ९८६४३८९०६५ |
| चक्रतीर्थ एम्बुलेन्स | ९८६६०२६०३० |
| राइनास मोहोरिया एम्बुलेन्स | ९८६६०९९२०० |
| सहोदर अस्पताल | ९८२६१६४७१४ |
| कर्मदा अस्पताल | ९८५६०४६३३८ |
| इन्द्रराज डोलकुमारी स्मृति संस्था | ९८२६११६३८० |
| कडरिया प्रतिष्ठान | ९८५६०४६५२० |
| ग्रामीण विकास | ९८४६९९५२९० |
| **अस्पताल** | |
| लमजुङ जिल्ला अस्पताल | ०६६-५२०१८३, ५२०४५२ |
| नमूना सामुदायिक अस्पताल सुन्दरबजार | ०६६-४०२१२३, ४०२१२४ |
| लमजुङ मोडेल अस्पताल, बेसीशहर | ०६६-५२०००४ |
| **सरकारी कार्यालय** | |
| लमजुङ जिल्ला अदालत | ०६६-५२०१९५ |
| जिल्ला प्रशासन कार्यालय, लमजुङ | ०६६-५२०१३३, ५२०१३४ |
| जिल्ला समन्वय समिति, लमजुङ | ०६६-५२०१४४, ५२०१४३, ५२०२८१ |
| जिल्ला प्रहरी कार्यालय, लमजुङ | ०६६-५२०१९६, ५२०१९८, |
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला निर्वाचन कार्यालय | ०६६-५२०१३२ |
| जिल्ला स्वास्थ्य कार्यालय, लमजुङ | ०६६-५२०११६ |
| कृषि ज्ञान केन्द्र | ०६६-५२०१३० |
| भेटेरीनरी अस्पताल | ०६६-५२०१३१ |
| शिक्षा समन्वय इकाइ | ०६६-५२०१०५, ५२०४३० |
| मालपोत कार्यालय | ०६६-५२०२०१ |
| घरेलु तथा साना उद्योग विकास समिति | ०६६-५२०२०२ |
| **विद्युत/टेलिकम** | |
| लमजुङ विद्युत उपभोक्ता संस्था | ०६६-५२०१७७, ५२०४२५ |
| नेपाल विद्युत प्राधिकरण उदीपुर सबस्टेशन | ०६६-५२०३७७ |
| नेपाल टेलिकम, लमजुङ | ०६६-५२०१११, ५२०११२, ५२०५०० |
| **बस/माइक्रो काउण्टर** | |
| पृथ्वी राजमार्ग बस सञ्चालक समिति | ०६६-५२०१७१ |
| लमजुङ कालिका यातायात संञ्चालक समिति | ०६६-५२०३७०, ९८५६०४५००२ (मर्नागे चौतारा) |
| **सञ्चारमाध्यम** | |
| लमजुङ आवाज साप्ताहिक | ०६६-५२०००२ |
| रेडियो लमजुङ | ०६६-५२०८११, ८१२, ८१३ |
| रेडियो मर्स्याङदी | ०६६- ५२००२०, ५२०५४७ |
| रेडियो चौतारी | ०६६-५२११८३, ५२११८५ |
| रेडियो भोटेओडार | ०६६-४००१६१, ४००१६२ |
| खबरकुञ्जन्यूज डटकम | ९८०५८४८३३३ |

# तेस्रो राईनास कपको उपाधि तार्कुघाट युनेस्कोलाई




बेसीशहर । राइनासमा गएको माघ १ गतेदेखि जारी तेस्रो राइनास कप २०८० खुल्ला फुटबल प्रतियोगिता तार्कुघाट युनेस्को क्लवले जितेको छ ।

धमिलीकुवाको गौलिटार क्षेत्रीय खेलमैदानमा शनिवार भएको फाइनल खेलमा रोयल फ्रेण्डसिप गरमबेसीलाइ ट्राइबेकरमा पराजित गर्दै तार्कुघाट युनेस्कोले उपााधि जितेको हो । फाइनल खेलमा दुवै टीमले निर्धारित समयमा गोल गर्न नसकेपछि खेल ट्राइबेकरमा गएको थियो । ट्राइबेकरमा ५-३ को नतिजा निकाल्दै तार्कुघाट युनेस्काले उपाधि उचाल्न सफल भयो ।

खेलमा जीतसंगै तार्कुघाट युनेस्कोले नगद ३ लाख सहित, तेस्रो राइनास कपको ट्रफि, स्वर्णपदक र प्रमाणपत्र पुरस्कार पायो । उपविजेता बनेको रोयल फ्रेण्डसिप गरमबेसीले १ लाख ५० हजार नगद सहित ट्रफि, रजत पदक र प्रमाणपत्र पुरस्कार पायो । प्रतियोगिता अवधिभर ८ गोल गरि सर्वाधिक गोलकर्ता बनेका तार्कुघाट युनेस्को क्लवका सुमित श्रेष्ठले गोल्डेन बुट सहित नगद ७ हजार ५ सय रूपैया पुरस्कार पाए । सर्बोत्कृष्ट खेलाडी घोषित भएका रोयल फ्रेनसिपका सन्तोष गुरूङले ट्रफि र सातहजार ५ सय पुरस्कार पाए । त्यस्तै तार्कुघाट युनेस्कोका सन्तोष महतले उत्कृष्ट गोलरक्षक घोषित भइ नगद ७ हजार पाँच सय र ट्रफि पुरस्कार पाए । प्रतियोगितामा सेमिफाइनल सम्म पुग्न सफल चेपेआर्दश युवा क्लव र कालिका युवा क्लवले सान्त्वनास्वरुप ३०/३० हजार पुरस्कार पाए ।

गत माघ १ गतेदेखि सुरू भएको प्रतियोगितामा लमजुङ, तनहुँ र गोरखाका गरी १६ टिमले प्रतिस्पर्धा गरेका थिए ।

विजय खेलाडीहरुलाइ गण्डकी प्रदेश सभाका सदस्य टकराज गुरूङ, जिल्ला समन्वय समिति लमजुङ प्रमुख पूर्णवहादुर गुरूङ, राइनास नगरपालिका प्रमुख खड्गवहादुर गुरूङ, उपप्रमुख पुष्प खनाल, आयोजक समितिका अध्यक्ष किरण श्रेष्ठले संयुक्त रूपमा पुरस्कार तथा प्रमाणपत्र वितरण गरेका थिए ।


## विषादीको सुरक्षित प्रयोग सम्बन्धी कृषक महानुभावहरूमा विशेष सूचना

- खेतबारिमा जथाभावि विषादी प्रयोग नगरौं, आफ्नो र वातावरणको ख्याल गरौं।
- केटाकेटीलाई विषादीबाट टाढा राखौं साथसाथै विषादीलाई खानेकुरा,जनावरको दाना र चाराबाट छुट्टै स्थानमा राखौं।
- सकेसम्म जैविक विषदीको मात्र प्रयोग गरौं र रसायनिक विषादी प्रयोग गर्न परेको खण्डमा उक्त विषादीको बारेमा पूर्ण जानकारी लिएर मात्र प्रयोग गरौं।
- विषादी प्रयोग गर्दा र छर्कदा सुरक्षित पहिरनको (पंजा, मास्क, चश्मा, फुल बाउला भएको सर्ट र पेन्ट, एप्रोन, बुट ईत्यादी।) प्रयोग गरौं र सम्भावित दुर्घटनाबाट बच्ने उपायबारे सजग रहौं।
- विषादी प्रयोग गर्नु पूर्व त्यसको लेवल (रंग र संकेत) पढौं र बुझौं।
- जीवनासक विषादी चलाउंदा खाने, पिउने र धुम्रपान गर्ने नगरौं।
- जीवनासक विषादी प्रयोग पश्चात प्रयोगकर्ताले राम्रो संग नुहाइ धुवाइ गर्ने, खालि भाडांको सुरक्षित तवर ले नष्ट गर्ने र फल टिप्नको लागि प्रतिक्षा अवधि र पूनः प्रयोग अवधिमा ध्यान दिने गरौं।
- ध्यान राख्नुहोसः विषादी विष हो, औषधि होईन।

### विषादी कारोबारमा संलग्न महानुभावहरूमा विशेष अनुरोध

- विषादी ऐन र नियमावली बमोजिम इजाजत पत्र लिएर मात्र विषादीको कारोबार गर्नुहोस्।
- नियमानुसार इजाजत पत्र/पञ्जिकरण पत्र नविकरण गर्नुहोस् ।
- कारोबार गर्दा पञ्जिकृत विषादीहरूको मात्र कारोबार गर्नुहोस् ।
- आफ्नो उद्योगमा संलग्न कर्मचारी वा कामदारहरूलाई आवश्यक प्रशिक्षण दिनुहोस् ।
- विषादी पञ्जिकरण तथा व्यवस्थापन शाखाले तोकेको मापदण्ड बमोजिम विषादी पसल तथा उद्योग व्यवस्थित गर्नुहोस् ।
- पञ्जिकृत, सुरक्षित र प्रभावकारी विषादीको कारोबारलाई प्राथमिकता दिनुहोस् ।
- विषादीको सुरक्षित तरिकाले परिवहन र भण्डारण गर्नुहोस् ।
- विषादी चलाउँदा सुरक्षात्मक पहिरनको अनिवार्य प्रयोग गर्नुहोस्/गराउनुहोस् ।
- पञ्जिकृत नभएका र प्रतिबन्धित विषादीबारे जानकारी राख्नुहोस् र त्यस्ता विषादी आयात तथा बिक्री वितरण नगर्नुहोस ।

अनुरोधक

**कृषि ज्ञान केन्द्र**

गण्डकी प्रदेश, लमजुङ

फोन नं. ०६६-५२०१३०

# बेसीशहरमा लायन्स क्लवको क्याविनेट मिटिङ




बेसीशहर, माघ ६ गते । लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ आई नेपालको तेस्रो क्याबिनेट बैठक शनिबार बेसीशहरमा भब्यताका साथ सम्पन्न भएको छ ।

लमजुङमा रहेका लायन्स क्लवकाका चार वटा क्लवहरु लायन्स क्लब अफ लमजुङ बेसीशहर, लायन्स क्लब अफ लमजुङ, टुगेदर वि क्यान, लायन्स क्लब अफ लमजुङ, लमजुङ दरबार र लायन्स क्लब अफ लमजुङ, ग्लोवल सिटीको संयुक्त ब्यवस्थापनमा भएको वैठकमा लायन्स क्लव डिष्ट्रिक्ट ३२५ आई अन्तर्गत देशका विभिन्न भागका एकसय ८० क्लवका १ हजार बढी लायन्स अगुवाहरूले सहभागिता जनाएका थिए ।

वैठकका लागि लमजुङ सदरमुकाम बेसीशहरस्थित फुलबारी मञ्चलाइ झकिझकाउ गरिएको थियो । वैठको पूर्वसन्ध्यामा शनिबार बिहान बेसीशहर बजारमा प्रभातफेरि गरिएको थियो । यसअघि शुक्रबार बेसीशहरमै लमजुङको पर्यटन प्रबर्द्धनमा लायन्स क्लवको भूमिका विषयक विचार गोष्ठीको आयोजना गरिएको थियो ।

गोष्ठीमा बोल्दै प्रमुख अतिथि लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ आई नेपालका एसिआई लिडर राजन लम्सालले लमजुङको पर्यटन विकासका लागि दिर्घकालिन सोचका साथ अघि वढ्न सुझाव दिँदै लमजुङको पर्यटन प्रबर्द्धनमा लायन्स क्लव हातेमालो गर्न तयार रहेको बताए । उनले लायन्सको तेस्रो क्याविनेट बैठकमा देशका विभिन्न भागबाट लायन्सहरू सहभागी भएका भन्दै लायन्सहरूको माध्यमबाटै लमजुङको पर्यटकीय स्थलको प्रचार प्रसारमा महत्वपूर्ण भूमिका निर्वाह हुने विश्वास ब्यक्त गरे ।

कार्यक्रममा बोल्दै गण्डकी प्रदेश सभाका सदस्य भेषबहादुर पौडेलले लमजुङमा पर्यटनको अथाह सम्भावना रहेको भन्दै लमजुङको पर्यटन प्रबर्द्धनमा हातेमालो गर्न लायन्स क्लवलाई आग्रह गरे ।

कार्यक्रमा बेसीशहर नगरपालिकाका मेयर गुमानसिंह अर्याल, क्व्होलसोथार गाउँपालिकाका अध्यक्ष सुर्य गुरूङ, राइनासका उपमेयर पुष्प खनाललगायतले आफ्ना पालिकामा पर्यटकीय सम्भावना र लायन्स क्लवले खेल्न सक्ने भूमिकाका बारेमा चर्चा गरेका थिए ।

क्याविनेट वैठकमा उत्कृष्ट कार्य गर्ने लायन्स अगुवाहरूलाई अवार्ड वितरण गर्नुका साथै लायन्स अन्तर्गतका विभिन्न ब्याजहरू वितरण गरिएको थियो ।

क्याविनेट वैठकका क्रममा लमजुङका उपज लोक स्वर सम्राट

# क्याम्पसको मुद्दामा उच्च अदालतले दियो अन्तरिम आदेशलाई निरन्तरता


बेसीशहर, माघ ४ गते । रूलमजुङको बेसीशहरमा रहेको मर्स्याङ्दी बहुमुखी क्याम्पसका प्रमुख हरिबाबु थापालाइ बर्खास्त गर्ने क्याम्पस सञ्चालक समितिको निर्णय कार्यान्वयन नगर्न उच्च अदालत पोखराले गत पुस २६ गते दिएको आदेशलाइ पुनः निरन्तरता दिएको छ ।

उच्च अदालतका न्यायाधीश मिलन कुमार राइ र धनसिंह महराको इजलासले यस अघि अदालतले दिएको अन्तरिम आदेशलाइ निरन्तरता दिँदै उत्प्रेषणको आदेश दिएको हो ।

आदेशमा गत पुस १८ गते क्याम्पस सञ्चालक समितिले थापालाइ सुनुवाइको मौका प्रदान नगरी बर्खास्त गरिएको कार्य प्राकृतिक न्यायको सिद्धान्त बिपरित देखिँदा उक्त मितिको निर्णय कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भनि गत पुस २६ गते जारी भएको अल्पकालीन अन्तरिम आदेशलाइ उच्च अदालत नियमावली २०७३ को नियम ४२ बमोजिम निरन्तरता दिइएको भनिएको छ ।

बिहीबारको पेशीमा निवेदक हरिबाबु थापाको पक्षमा अधिवक्ता रोहितराज बास्तोला र विपक्षी मर्स्याङदी बहुमुखी क्याम्पसको तर्फबाट राजेश्वर अधिकारीले बहस गरेका थिए ।

सो मुद्दामा गत पुस २६ गते अन्तरिम आदेश दिएको अदालतले आजका लागि उक्त मुद्दाको पेशी तोक्दै निवेदकको माग बमोजिमको आदेश जारी गर्न नपर्ने कानुनसम्मत आधार र कारण भए १५ दिनभित्र लिखित जवाफ पेश गर्न भन्दै दुवै पक्षलाइ



श्री
उच्च अदालत पोखरा
संयुक्त इजलास
इजलास नं. ३
माननीय न्यायाधीश श्री मिलन कुमार राई
माननीय न्यायाधीश श्री धन सिंह महरा
आदेश
मुद्दाः- उत्प्रेषण र परमादेश समेत।
मुद्दा नं. 080-WO-0087

हरिबाबु थापा........................................................................निवेदक

विरुद्ध

मर्स्याङ्दी बहुमुखी क्याम्पससमेत..............................................विपक्षी

अन्तरिम आदेशको छलफलका लागी पेश हुन आएको प्रस्तुत निवेदन सहितको मिसिल संलग्न कागजातहरुको अध्ययन गरी निवेदक तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री रोहितराज बास्तोला तथा विपक्षीको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री राजेश्वर अधिकारीले गर्नुभएको बहस समेत सुनियो।

यसमा अन्तरिम आदेश छलफलको लागी पेश भएको प्रस्तुत निवेदनमा, विपक्षी मर्स्याङ्दी बहुमुखी क्याम्पस संचालक समितिको मिति २०८०।९।१८ को निर्णयबाट क्याम्पस प्रमुखको पदबाट निवेदकलाई सुनुवाईको मौका प्रदान नगरी बर्खास्त गरिएको कार्य प्रथम दृष्टिमा प्राकृतिक न्यायको सिद्धान्त विपरित देखिंदा उक्त मितिको निर्णय कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भनी यस अदालतबाट मिति २०८०।९।२६ मा जारी भएको अल्पकालित अन्तरिम आदेशलाई उच्च अदालत नियमावली, २०७३ को नियम ४२ बमोजिम निरन्तरता दिइएको छ। आदेशको जानकारी विपक्षीहरुलाई नियमानुसार दिनु।

न्यायाधीश ०८०।१०।४ न्यायाधीश

इति सम्बत् २०८० साल माघ ०४ गते रोज ५ शुभम् ..........................।

अन्तरिम आदेश छलफलको लागि उपस्थित हुन र क्याम्पस प्रमुखबाट थापालाइ बर्खास्त गर्न गरिएको निर्णयको माइन्युट इजलासमा पेश गर्न भनेको थियो ।

सो क्याम्पसका प्रमुख हरिबाबु थापालाइ सहकारी ठगी मुद्दामा जिल्ला अदालत लमजुङमा मुद्दा दायर भएको भन्दै क्याम्पस सञ्चालक समितिले गत पुस १८ गते बर्खास्त गर्ने निर्णय गर्दै सहप्राध्यापक शालिग्राम अधिकारीलाइ नयाँ क्याम्पस प्रमुखको रुपमा चयन गरेको थियो ।

उक्त निर्णयका विरुद्ध थापाले उच्च अदालत पोखरामा रिट हालेका थिए ।

# औचित्य पुष्टि नभई खोलियो ताला

बेसीशहर । प्रैस चौतारी नेपाल लमजुङले नेपाल पत्रकार महासंघ लमजुङको कार्यालयमा ६ महिना अघि लगाएको ताला त्यसको औचित्य पुष्टी नहुँदै बुधवार खोलेको छ ।

सदस्यता नविकरण तथा नयाँ सदस्यताको विषयमा प्रदेश समितिले गरेको निर्णयमा असन्तुष्टि राख्दै प्रेस चौतारी लमजुङले जिल्ला शाखा कार्यालयमा तालावन्दी गरेको थियो । तर छ महिना विते पनि तालाबन्दीको औचित्य सावित नहुँदै प्रेस चौतारीले तालाबन्दी आफैंले खोलेको छ ।

नेपाल पत्रकार महासंघको सदस्यता नविकरण र नयाँ सदस्यता सिफारिसमा बिमति राख्दै गत श्रावण ११ गते प्रेस चौतारी नेपाल लमजुङले पत्रकार महासंघ लमजुङको कार्यालयमा ताला लगाएको थियो । पत्रकार महासंघ लमजुङले नयाँ सदस्यता र पुरानो सदस्यता नविकरणका लागि प्रदेश समितिमा गरेको सिफारिसको प्रतिकूल हुने गरी केन्द्रमा सिफारिस गरेको भनदै प्रेस चौतारी लमजुङले महासंघको जिल्ला कार्यालयमा ताला लगाएको थियो ।

ताला लगाएको लामो समय हुँदा पनि सुनुवाइ नभएपछि प्रेस चौतारीले नेपाल पत्रकार महासंघ लमजुङ शाखासंग तीन बुँदे सहमती गरी ताला खालेको हो । सहमति अनुसार नेपाल पत्रकार महासंघ लमजुङ र प्रेस चौतारीले सदस्यता नविकरण र नयाँ सदस्यताका सन्दर्भमा एकरूपता कायम गर्ने प्रतिवद्धता जनाएका छन् । नेपाल पत्रकार महासंघ गण्डकी प्रदेश र प्रेस चौतारी गण्डकी प्रदेश विच भएका सहमतीलाई जिल्ला शाखाले पनि कार्यन्वयन गर्ने दुई पक्षिय सहमति भएको बताइएको छ । तर प्रदेशस्तरमा महासंघ र चौतारीबीच के के सहमति भएको छ, खुलाइएको छैन ।

प्राप्त समाचार अनुसार शुद्धिकरण समितिले तोकेको मापदण्ड भित्र परेका तर जिल्लाबाट नविकरणका लागि सिफारिस नभएका पत्रकारहरूको नामावली पुनः नविकरणका लागि पठाउने सहमति महासंघ जिल्ला शाखाले गोप्य सहमति गरेको छ। सहमति पत्रमा प्रेस चौतारी लमजुङका उपाध्यक्ष सुरज गुरूङ, नेपाल पत्रकार महासंघ लमजुङ शाखा अध्यक्ष परमेश्वर अधिकारी र रोहवरमा प्रेस चौतारीका केन्द्रिय सदस्य एवं जिल्ला इन्चार्ज नविनराज कुईकेलले हस्ताक्षर गरेका छन् । सहमति पत्रमा प्रेस युनियनको भने हस्ताक्षर गराइएको छैन ।

सहमती पत्रमा हस्ताक्षर भएपछि प्रेस चौतारी जिल्ला इन्चार्ज कुईकेलले पत्रकार महासंघ जिल्ला शाखामा लगाएको ताला खोलिदिएका छन् । जिल्ला र प्रदेशले गरेको सिफारिसमा प्रेस युनियनले पनि असहमति जनाएको छ । तर उसले विरोध भने जनाएको छैन ।

स्मरणीय के छ भने पत्रकार महासंघले ल्याएको सुद्धिकरणको भावना विपरित लमजुङबाट पाटीको जिल्ला कमिटीमा रहेका ब्यक्तिलाई र जिल्ला बाहिर रहेका पत्रकारको समेत सदस्यता नविकरणका लागि सिफारिस गरिएकोमा प्रदेश समितिले तीमध्ये केही नाम हटाइदिएको थियो । त्यसकै विरोधमा जिल्ला शाखाको कार्यालयमा तालाबन्दी भएको थियो ।

# खेलमैदानको स्तरोन्नति गर्ने डा.गुरुङको बाचा



राईनास । गण्डकी प्रदेश सभा सदस्य डाक्टर टकराज गुरूङले गौलीटार क्षेत्रीय खेलमैदानलाई प्रदेशस्तरकै उत्कृष्ट खेल मैदान बनाउन सवै एकजुट हुनुपर्ने वताएका छन् ।

राईनास नगरपालिका वडा नं. ६ मा रहेको गौलिटार खेलमैदान भुगोलको हिसावले जिल्लाकै संभावना बोकेको स्थान भएकाले खेलमैदानको स्तरोन्नतीसँगै प्रदेशस्तरिय खेलमैदानको रूपमा विकास गर्न सवै एकजुट हुनपर्ने बताएका हुन् ।

गौलीटारमा भएको तेस्रो र ाइनास कपको समापन गर्दै खेलमैदानको स्तरउन्नतिको लागि स्थानीय सरकार लागिपरेको सन्दर्भमा सम्वद्ध सवै पक्ष एकजुट हुन आवश्यक रहेको सो अवसरमा उनले बताए । खेल मैदानको विकास र विस्तारमा विगतमाझैं आगामी दिनमा पनि आफ्नो तर्फबाट सक्दो सहयोग, समन्वय गर्ने प्रतिवद्धता जनाउदै डा.गुरूङले उपयुक्त खेल संरचनामा भएमा खेलक्षेत्रको विकास र उत्कृट खेलाडी उत्पादन गर्न सकिने दावी गरे ।

कार्यक्रममा मन्तब्य राख्दै राईनास नगर प्रमुख खड्गवहादुर गुरूङले राइनास नगरपालिकाले खेल क्षेत्रको विकासका लागि सक्दो सहयोग र पहल समेत गर्दै आएको बताए। विद्यालयदेखि वडा, पालिका तथा जिल्ला स्तरमा हुने खेलकुद प्रतियोगिताले राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरसम्मका खेलाडी उत्पादनमा सहयोग पुग्ने उनले बताए । कार्यक्रममा राइनास नगरपालिका उपप्रमुख पुष्पराज खनाल, राष्ट्रिय फुटबल टिमका पूर्व कप्तान विराज महर्जन, राइनास ६ का वडाअध्यक्ष गोविन्द चिलवाल, कार्यपालिका सदस्य सोचना लौडारी लगायतले मन्तब्य राखेका थिए ।

# नवराज पहाडीका समाचारमा आपत्ती, कानुनी उपचार खोजी

बेसीशहर, माघ १ गते । पत्रकार नवराज पहाडीले कालिका सहकारीका पूर्व सञ्चालक र वर्तमान सञ्चालकहरुबीच काटाकाटको अवस्था सृजना गराइ हिंसा फैलाउन प्रेरित गर्ने गरी समाचार लेखेको भन्दै सहकारीका सञ्चालकहरुले गम्भीर आपत्ती जनाएका छन् ।

उनीहरुले संस्थाका बारेमा समाचार लेख्दा यथार्थमा आधारित रहेर सप्रमाण लेख्न सुझाव दिँदै पीतपत्रकारिताले स्वयं पहाडीको समेत भलो नहुनेतर्फ सचेत गराएका छन् । पहाडीको समाचारमा संस्थामा आवद्ध केही ब्यक्तिविरुद्ध प्रतिशोध साँधिएको भन्दै यस्ता हर्कत बिरुद्ध कानुनी उपचारमा जाने उनीहरुले बताएका छन् ।



पहाडीले सहकारीका केही ब्यक्तिलाइ दोषी देखाउन हरसम्भब प्रयास गरेको र हुँदा हुँदा मारकाट गराउन प्रेरित गर्ने समाचार पस्केर पेशागत मर्यादा र पत्रकार आचार संहिताको समेत धज्जी उडाएको सञ्चालकहरुले बताए । पहाडीले लेखेको गत पुस २२ गते लेखेको एक समाचारमा "उक्त साकोसको नामको चियासम्म पनि नपिएकाहरु सातलाखे धरौटीमा बस्नु पर्ने स्थिति उब्जन गएको हुँदा उनीहरु बरु २-४ जनालाइ छप्काएर जेल बस्न जाति भन्ने स्थितिमा पुगेका" भन्ने वाक्यांश उल्लेख गरेका थिए । उक्त वाक्यांशले पहाडीले समाचारको नाममा हिंसा फैलाउन खोजेको संस्थाका उपाध्यक्ष कृष्ण लामिछानेले बताए ।

पत्रकार पहाडी आफैंले सहकारीका सञ्चालकहरुबीच मारपीटको अवस्था सृजना होस् भन्ने चाहेर समाचार लेखेको पुष्टि हुने देखिन्छ । यसका लागि उनले केही लाभ पनि लिएको हुन सक्ने अनुमान उनीहरूको छ ।

अर्को एक समाचारमा पनि पहाडीले सञ्चालकहरुलाइ मान प्रेरित गरेका छन् । पहाडीले प्रहरीले पक्राउ पूर्जी काटेका कालिका सहकारीका केही पूर्व सञ्चालकहरुले २-४ जनालाइ छप्काउने भनेको भन्ने कुरा समाचार मा लेखेका छन् ।

पुस १८ को अर्को एक समाचारमा पहाडीले "सञ्चालक सदस्यहरुले समेत पदाधिकारी सरह सजाय भोग्नु पर्ने अवस्था रह्यो । यस्तो स्थिति बनाइएपछि निर्दोष रहेका ती साकोसका सदस्यहरुले दिउँसै राँको बाल्नु पर्ने र नांगो खुकुरी बोकेर रिस उठेको मान्छेलाई छप्काउँदै हिँडे भने पनि अन्यथा भन्न नमिल्ने स्रोतको दावी छ ।" भनेर लेखेका छन् ।

यस्तो समाचार लेख्ने पहाडी स्वयं कालिका बचत तथा ऋण सहकारी संस्थाको शेयर सदस्य समेत रहेको खुलेको छ । उनले शेयर फिर्ताका लागि प्रहरीमा उजुरी समेत दिएका छन् भने शेयर फिर्ता नभए कालिकाका सबै सञ्चालकलाइ जेलमा कोचिदिने धम्कीसमेत दिने गरेको सुनिएको छ ।

सहकारीमा उस्तो समस्या नहुँदासमेत उनै नवराज पहाडीले सहकारीको (बाँकी पृष्ठ ३ मा)

# लउवासंघमा महासचिव लगायत पदाधिकारी मनोनित

लमजुङ उद्योग बाणिज्य संघका नयाँ पदाधिकारीहरु



विपिन श्रेष्ठ – महासचिव | भरत ब. कुताल विष्ट – कोषाध्यक्ष | मानकृष्ण आचार्य – उपमहासचिव

बेसीशहर । लमजुङ उद्योग बाणिज्य सँघका नव निर्वाचित अध्यक्ष एवं पदाधिकारीहरूले पदभार ग्रहण गरेका छन् ।

संघको सचिवालयमा बुधबार एक औपचारिक कार्यक्रमका विच नवनिर्वाचित अध्यक्ष तथा पदाधिकारीहरूको पदस्थापन गरिएको हो । सो अवसरमा संघका निवर्तमान अध्यक्ष गुणराज सिलवालले नवनिर्वाचित अध्यक्ष भरतकुमार श्रेष्ठलाई र श्रेष्ठले नवनिर्वाचित पदाधिकारीलाई पद तथा गोपनियताको सपथ खुवाइ पदस्थापन गरेका हुन् । सोही अवसरमा अध्यक्ष सिलवालले नवनिर्वाचित अध्यक्ष श्रेष्ठलाई संस्थाको माइन्युट हस्तान्तरण गरी पदभार गराएका थिए ।

कार्यक्रममा बोल्दै संस्थाका पूर्व अध्यक्ष एवं गण्डकी प्रदेश सभाका सदस्य भेषबहादुर पौडेलले पदस्थापन भएका सम्पूर्ण पदाधिकारीलाई कार्यकाल सफलताको शुभकामना ब्यक्त गर्दै थला परेको जिल्लाको ब्यवसाय प्रवर्द्धन गरी चलायमान बनाउन संघको नयाँ नेतृत्वले भूमिका खेल्ने विश्वास ब्यक्त गरे ।

कार्यक्रममा बोल्दै निवर्तमान अध्यक्ष सिलवालले आफ्नो कार्यकाल सफल बनाउन सहयोग गर्ने सम्बन्धित सबैमा धन्यवाद ज्ञापन गर्दै नयाँ नेतृत्वले संघको गरिमालाई थप उचाइमा लैजाँदै ब्यवसायिक हक हितका लागि काम गर्न शुभकामना दिए ।

पदस्थापन कार्यक्रममा बोल्दै नव निर्वाचित अध्यक्ष श्रेष्ठले सबै ब्यवसायीहरूको सद्भाव र भरोसाले संघमा सर्वसम्मत रूपमा आफूहरू निर्वाचित हुन सकेको भन्दै सबै ब्यवसायी र अग्रजहरूको विश्वास र भरोसा अनुसार सबैसंग समन्वय र सहकार्य अघि बढ्ने प्रतिबद्धता जनाएका थिए ।

यसैबीच संघको नवनिर्वाचित समितिको पहिलो वैठकले संघका महासचिवमा विपिन श्रेष्ठलाई चयन गरेको छ । नवनिर्वाचित अध्यक्ष भरतकुमार श्रेष्ठको अध्यक्षतामा बसेको वैठकले कोषाध्यक्षमा भरत बहादुर विष्ट कुताल र उपमहासचिवमा मानकृष्ण आचार्यलाई चयन गरेको (बाँकी पृष्ठ २ मा)


## क्यान्सरबाट बचौं, स्वस्थ रहौं

**क्यान्सर रोगका कारण:**

- वंशाणुगत कारण,
- निष्क्रिय जीवनशैली,
- विषादीयुक्त खाद्य पदार्थको प्रयोग,
- प्रदुषित वायुमण्डल,
- तारेको, झानेको तथा फाष्ट फूड एवं जंकफूडलगायत अस्वस्थकर खानाको उपभोग,
- नूनको बढी सेवन,
- मदिरा तथा सूर्तिजन्य पदार्थको सेवनले क्यान्सर जस्तो प्राणघातक रोग लाग्न सक्दछ।

**यसबाट बच्न,**

- पान, सुपारी, गुट्का, चुरोटलगायतका सुर्तीजन्य पदार्थ र मदिराको सेवन नगरौं,
- प्रशस्त मात्रामा फलफूल तथा हरियो सागसब्जीलगायत स्वस्थकर र ताजा खाना खाने गरौं,
- लामो समय राखिएका, तारेका, झानेका तथा फाष्ट फूड एवं जंकफूडको उपभोग घटाऔं,
- नूनको उचित मात्रामा प्रयोग गरौं,
- नियमित शारिरीक अभ्यास गरौं र सक्रिय जीवनशैली अपनाऔं ।

स्वस्थ्य रहौं, दीर्घ जीवनयापन गरौ।

नेपाल सरकार
विज्ञापन बोर्ड